# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व.)
गण्डकी प्रदेश, नेपाल

०७८-५७५०१०
फ्याक्स: ०७८५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.सं. : ०८२/०८३
च.नं. : २८५२

मिति: २०८३/०१/११

विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री जो जससँग सम्बन्धित छ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला देवचुली नगरपालिका अन्तर्गत श्री जीवन ज्योति आधारभूत विद्यालय,देवचुली -१७ मा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रकृया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.४८, मिति २०८३/०१/११ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shreejeevanjyotischool01@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ। (प्र.अ.सम्पर्क नं. ९८२५४६३४७७)
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुनेछैन।

२०८३-०१-११

राम प्रसाद शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाइ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।
श्री जीवन ज्योति आधारभूत विद्यालय, देवचुली -१७ नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।